नेपालको पहिलो बैंक | नेपाल राष्ट्र बैंकबाट 'क' वर्गको इजाजतपत्र प्राप्त संस्था

नेपाल बैंक लिमिटेड
NEPAL BANK LIMITED

**प्रधान कार्यालय**
**प्रमुख कार्यकारी अधिकृतको कार्यालय**
**धर्मपथ ,काठमाडौ**

*प्रेस रिलिज्*

# नेपाल बैकको ८३ औ वार्षिकोत्सव भव्यतापूर्वक मनाईदै

नेपाल बैक लिमिटेडले ८३ औं वार्षिकोत्सव सप्ताहव्यापी रुपमा विविध कार्यक्रमको आयोजना गरि मनाईरहेको छ । यसै क्रममा बैकको समग्र अवस्था र बैकद्वारा हालै बजारमा ल्याईएका वातावरणमैत्री निक्षेप योजना तथा सुलभ आवाश कर्जाबारे जानकारी दिने उध्देश्यले एक वृहत पत्रकार सम्मेलनको आयोजना गरियो । राष्ट्रिय स्तरका छापा तथा विद्युतीय माध्यमका पत्रकारहरुको उल्लेख्य उपस्थिति रहेको उक्त पत्रकार सम्मेलनमा बैकका प्रमुख कार्यकारी अधिकृत कृष्ण बहादुर अधिकारीले नेपाल बैकका कर्जाहरु बजारमा सबेभन्दा सस्तो रहेको, बैक औचित्यपूर्ण मुनाफाको पक्षमा रहेको देशकै अग्रणी बैकको नाताले बैकले स्वस्थ प्रतिष्पर्धालाई जोड दिने ,बैक अन्यसंग होईन आफनै विगतको कार्यसम्पादनसंग प्रतिष्पर्धा गर्ने वताउनुभयो । सो अवसरमा बैकले १३९६ वटा २२ अरब २ करोड सहुलियतपूर्ण कर्जा प्रवाहित गरेको जानकारी दिनुभयो । यस अघि बैकका प्रवक्ता तथा प्रमुख सुचना अधिकारी प्रकाश कुमार अधिकारीले बैकको समग्र अवस्था र बैकले ल्याएका नया सेवाहरुबारे प्रस्तुती दिनुभएको थियो । यसैगरि बैकले सार्वजनिक उत्तरदायित्व वहन कार्यक्रम अन्तर्गत मानव कल्याण समाज भक्तपुरलाई रु ३ लाख आर्थिक सहयोग प्रदान गरेको छ । उक्त राशीको चेक बैकको प्रदेश नम्बर ३ प्रादेशिक कार्यालयका प्रमुख सुन्दर पन्थीले समाजका संचालक सुमित्रा चौलागाईलाई एक समारोहका बीच हस्तान्तर गर्नुभयो । यसै अवसरमा बैकद्वारा आयोजित ज्ञान तथा अनुभव विनिमयको ११ औ श्रृंखलामा वरिष्ठ अर्थविद् एवं राष्ट्रिय योजना आयोगका पूर्व उपाध्यक्ष डा. स्वर्णिम वाग्लेसंग वार्ता कार्यक्रम आयोजना गरियो । यसैगरि बैकले आयोजना गरेको निशुल्क स्वास्थ्य शिविरमा ३७९ जनाको स्वास्थ्य परीक्षण गरियो भने रक्तदान कार्यक्रममा ८५ रक्तदाताले रक्तदान गरे । यसै अवसरमा अतिरिक्त क्रियाकलाप अन्तर्गत बैकद्वारा आन्तरिक फुटशल प्रतियोगिता आयोजना गरियो ।

बैकको वार्षिकोत्सवका अवसरमा कार्तिक ३० गते प्रमुख अतिथि अर्थमन्त्री युवराज खतिवडाद्वारा देशका विभिन्न स्थानमा एकसाथ स्थापना गरिएका नेवैलिका १८ बटा बैक शाखा २ वटा काउन्टर समेत २० स्थानका सेवा विन्दु र नेपाल बैकको प्रधान कार्यालयमा स्थापना गरिने नेपाल बैक संग्रहालयको समुद्घाटनको कार्यक्रम रहेको छ । यसैगरि उत्कृष्ठ कार्यसम्पादन गर्ने ६ शाखाहरुलाई पुरष्कृत गर्ने कार्यक्रम रहेको छ ।

(मुकुन्द अर्याल )
प्रेस संयोजक